नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
अग्नि नियन्त्रण तथा विपद् व्यवस्थापन शाखा

फोन नं. : ०१-४२००५३१

आ.व. :- ०७१/७२
च.नं. :- २९

मिति: २०७१/११/१५

श्री जि.वि.स. ७५ सबै,
श्री महा न.पा., उप-महा.न.पा र न.पा सबै ।

## विषय : निर्देशन सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा गृह मन्त्रलयको च.नं.३६७, मिति २०७१/११/१० पत्रानुसार मुलुकमा बाढी पहिरो, भुकम्प, आगलागी, चट्याङ, हावाहुरी, सितलहर, महामारी, सडक दुर्घटना जस्ता प्राकृतिक तथा मानवीय प्रकोपजन्य घटनाहरुको उच्च जोखिम र सङ्कटापन अवस्थामा रहेको छ । मिति २०७० सालमा यस प्रकारका घटनाबाट ४१७ जनाले ज्यान गुमाएको, १८२ जना हराएका तथा ४०६ जना घाइते भएको छन् । विपद् सम्बन्धी घटनाहरुबाट हरेक वर्ष करोडौं मुल्यको भौतिक पूर्वाधारको नष्ट भैरहेको छ र यस प्रकारका प्रकोप जन्य घटनाहरुको असरलाई न्यूनीकरण गर्न पूर्व तयारी तथा सचेतनात्मक कार्यक्रमको अति आवश्यकता रहेको छ । यसै सन्दर्भमा यस वर्षको सुख्खा याम सुरु हुन लागेको र सुख्खायामका दिनमा हावाहुरी, आगलागीका घटनाहरु घट्ने र वन डडेलोबाट समेत आगलागीका घटनाहरु हुनसक्ने हुँदा विगतका घटनाहरुबाट समेत पाठ सिकि आगलागीका घटनाहरु हुन नदिने, आगलागी भएको अवस्थामा यसबाट हुन सक्ने क्षेतिको न्यूनिकरण गर्ने, आगलागीबाट जोगिन र प्रभावित परिवारलाई तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउन सम्बन्धीत नगरपालिका तथा जिल्ला विकास समितिले जिल्ला स्थित स्थानीय स्वास्थ्य चौकि तथा अस्पतालहरु एवम् नेपाल रेड क्रस सोसाइटी स्थानीय सन्चार माध्यमहरु, उद्योग वाणिज्य संघ, नागरिक समाज, गैर सरकारी संस्थाहरु तथा विपद् व्यवस्थापनको कार्यमा संलग्न विषयगत क्षेत्रहरुको सहयोग र सहकार्यमा जिल्ला दैविक प्रकोप उद्धार समितिबाट आवश्यक समन्वय गरी देहाय बमोजिमको पूर्व तयारी सहित आवश्यक पूर्व प्रवन्ध कार्यका साथै सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गर्न सबै जि.वि.स. हरुले मातहतका गा.वि.स. हरुसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउनु हुन निर्देशानुसार अनुरोध छ ।

- नेपाल रेडक्रस सोसाइटी तथा विपद् व्यवस्थापनको कार्यमा संलग्न Cluster हरुको सहयोगमा जिल्लागत रुपमा सचेतनात्मक तथा पूर्व तयारी कार्यक्रमहरु बनाउने,
- विपद् व्यवस्थापनमा जिल्ला अगुवा सहयोगी संस्था, District Lead Support Agency (DLSA) को सहयोग र समन्वयमा जिल्ला दैवि प्रकोप उद्धार समितिले आगलागीका घटनाहरुको रोकथाम तथा नियन्त्रणका लागि निर्दिष्ट कार्ययोजना र कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
- DLSA को सहयोगमा जिल्लामा तयार भएका विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्य योजना अद्यावधिक गर्ने,
- DLSA पहिचान भै नसकेको अवस्थामा तत्काल समितिके बैठक बसी सहयोगी संस्थाको पहिचान गर्ने र सो को जानकारी मन्त्रालयमा पठाउने,

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

**अग्नि नियन्त्रण तथा विपद् व्यवस्थापन शाखा**

फोन नं. : ०१-४२००५३१

आ.व. :- ०७१/७२

च.नं. :- २९

- आगलागीका घटनाहरु हुन नदिन तथा आगलागीबाट हुने क्षेतीलाई न्यूनीकरण गर्न स्थानीय स्तरमा यसैसाथ संलग्न सचेतनामुलक सन्देशहरुको प्रचार प्रसार तथा पूर्व तयारीका कार्यक्रमहरु तत्काल सञ्चालन गर्ने,
- यस प्रकारका सन्देशहरुलाई सकेसम्म स्थानीय संघ संस्थाको सक्रियता र उनीहरुकै आर्थिक दायित्वमा स्थानीय भाषामा समेत तयार गरी स्थानीय पत्रपत्रिका, रेडियो र अन्य सञ्चार माध्यम मार्फत समेत प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने,
- जिल्लामा रहेका दमकलहरुलाई चालु अवस्थामा राख्ने । छिमेकी जिल्लाहरुसँग समन्वय गरी विशेष परिस्थितिमा उक्त जिल्लामा रहेका दमकल समेतको तत्काल सहयोग लिन सक्ने गरी आकस्मिक कार्य योजना बनाउन,
- आगलागी भई हालेमा नियन्त्रणका लागि गाउँ टोलहरुमा स्थानीय स्वयंसेवी तयार गरी परिचालन गर्ने व्यवस्था मिलाउने ।

ऋषिराज आचार्य

उप-सचिव

बोधार्थ

श्री गृह मन्त्रालय, विपद् जोखिम न्यूनिकरण तथा पुनर्लाभ शाखा,

सिंहदरबार, काठमाडौं ।